# गण्डकी प्रदेश सभा
## दशौं अधिवेशन
## बैठक संख्या -२३
## सूचनापत्र — २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**मिति: २०८३ साल श्रावण १५ गते शुकबार**

---

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा दिनको २:१० बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो | शुन्य समयमा माननीय कल्पना तिवारी, माननीय चम्पादेवी खड्का माननीय टिकाकुमारी बस्याल, माननीय दमयन्ती रुचाल, माननीय फणीन्द्र देवकोटा, माननीय भोजराज अर्याल, माननीय महेश भट्टराई, माननीय रेशमबहादुर जुग्जाली, माननीय विन्दु पौडेल, माननीय सीताकुमारी सुन्दास, माननीय श्यामराजा महत र माननीय हरि बहादुर भण्डारीले समसामायिक बिषयमा आ-आफ्नो मन्तव्य राख्नुभयो |

तत्पश्चात बिशेष समयमा दलको नेता तथा पूर्व मुख्यमन्त्री माननीय श्री खगराज अधिकारीले सभालाई सम्बोधन गर्नुभयो |

तत्पश्चात माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट प्राप्त "औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" पुनर्विचारको लागि फिर्ता गरिएको सम्बन्धी पत्र र सो पत्र सहित प्राप्त सन्देशको बेहोरा पढेर सुनाउनुभयो |

तत्पश्चात माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण सम्बन्धी पत्रको बेहोरा पढेर सुनाउनुभयो|

तत्पश्चात उद्योग तथा पर्यटन मन्त्रालयका माननीय मन्त्री श्री यशोदा रिमालले गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १३२ को उपनियम (२) को खण्ड (क) बमोजिम माननीय प्रदेश प्रमुखबाट सन्देश सहित पुनर्विचारका लागि सभामा फिर्ता भएको "औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि सभामा पुनर्विचार गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभयो | माननीय सभामुखले उक्त प्रस्तावलाई सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो |

तत्पश्चात माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट सन्देश सहित पुनर्विचारका लागि सभामा फिर्ता भएको "औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको छलफल प्रारम्भ गर्नुभयो |उक्त छलफलमा माननीय प्रकाश बराल, माननीय देवका पहारी त्रिपाठी, माननीय हरि बहादुर भण्डारी, माननीय विन्दु पौडेल र माननीय फणीन्द्र देवकोटाले भाग लिनुभयो |

तत्पश्चात उद्योग तथा पर्यटन मन्त्रालयका माननीय मन्त्री श्री यशोदा रिमालले माननीय प्रदेश प्रमुखबाट सन्देश सहित पुनर्विचारका लागि सभामा फिर्ता भएको "औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको आफ्नो विचार सहित जवाफ दिनुभयो |

तत्पश्चात उद्योग तथा पर्यटन मन्त्रालयका माननीय मन्त्री श्री यशोदा रिमालले माननीय प्रदेश प्रमुखबाट सन्देश सहित फिर्ता भएको "औषधिजन्य तथा औद्योगिक प्रयोजनको लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" लाई पारित गरियोस् भनी प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त बिधेयक सभाबाट सर्वसम्मतिले पारित भयो |

तत्पश्चात माननीय सभामुखले अर्को सुचना भएपछी बस्ने गरी आजको बैठक दिनको **३:३३** बजे स्थगित गर्नुभयो।

.................

**(गोविन्द पौडेल)**

**प्रदेश सभा सचिव**